## विधेयकमा प्राप्त संशोधन प्रस्तावहरु

(प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ११३ सँग सम्बन्धित)

विधेयकको नामः **सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक**

प्रस्तुतकर्ताः माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ध्रुब बहादुर प्रधान

**संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्य (दर्ताक्रम अनुसार):**

| द.नं. | माननीय सदस्यको नाम, थर |
|---|---|
| १. | मा. श्री प्रेम सुवाल |
| २. | मा. श्री रामहरि खतिवडा |
| ३. | मा. श्री राम प्रकाश चौधरी |
| ४. | मा. श्री प्रेम बहादुर महर्जन |
| ५. | मा. श्री रघुजी पन्त |
| ६. | मा. श्री सुशीला श्रेष्ठ, मा. श्री रन्जु कुमारी झा |
| ७. | मा. श्री मिना तामाङ |
| ८. | मा. श्री तारालाल तामाङ, मा. श्री महेश कुमार बर्तौला, मा. श्री सराज अहमद फारुकी, मा. श्री लिलानाथ श्रेष्ठ, मा. श्री ईश्वर बहादुर रिजाल |
| ९. | मा. श्री योगेश कुमार भट्टराई |
| १०. | मा. श्री प्रदीप पौडेल, मा. श्री संजय गौतम |
| ११. | मा. श्री शान्ति वि.क. |
| १२. | मा. श्री नागिना यादव |
| १३. | मा. श्री अमरेश कुमार सिंह |
| १४. | मा. श्री अर्जुन नरसिह के.सी. |
| १५. | मा. श्री राम प्रकाश चौधरी |
| १६. | मा. श्री रणेन्द्र बराली |
| १७. | मा. श्री सुमना श्रेष्ठ |
| १८. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे, मा. श्री मेटमणि चौधरी |

| | |
|---|---|
| १९. | मा. श्री प्रकाश ज्वाला, मा. श्री मेटमणि चौधरी |
| २०. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे |
| २१. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे, मा. श्री प्रकाश ज्वाला, मा. श्री मेटमणि चौधरी, मा. श्री शेरबहादुर कुँवर |
| २२. | मा. श्री राजेन्द्र बजगाई |
| २३. | मा. श्री शक्ति बहादुर बस्नेत |
| २४. | मा. श्री हित राज पाण्डे |
| २५. | मा. श्री उदय शम्शेर राणा |
| २६. | मा. श्री राजेन्द्र कुमार के.सी. |
| २७. | मा. श्री माधव सापकोटा |
| २८. | मा. श्री गगनकुमार थापा |
| २९. | मा. श्री डोल प्रसाद अर्याल |
| ३०. | मा. श्री गोकुलप्रसाद बास्कोटा |
| ३१. | मा. श्री बुद्धिमान तामाङ |
| ३२. | मा. श्री शंकर भण्डारी |

**संशोधनको विवरणः**

| **क.स.** | **संशोधन प्रस्तुतकर्ता** | **विधेयकको दफा** | **संशोधनको व्यहोरा** |
|---|---|---|---|
| १. | मा. श्री अर्जुन नरसिह के.सी. | विधेयकको उद्देश्य र कारण | विधेयकको उद्देश्य र कारणमा देहायबमोजिमको व्यवस्थामा स्पष्ट हुनुपर्नेः<br>“समानान्तर र अवैध अर्थतन्त्र तथा अन्य आर्थिक अपराध वारे” |
| २. | मा. श्री प्रेम सुवाल | प्रस्तावना | विधेयकको प्रस्तावनामा देहायबमोजिम थप गर्नु पर्नेः<br>“नेपालको सम्पत्ति सिमाङ्कन गर्ने र विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गरी आर्थिक अनुशासन कायम गर्ने” |

| | | | |
|---|---|---|---|
| ३. | मा. श्री प्रेम सुवाल | १ | विधेयकको दफा १ को उपदफा (१) को सट्टा देहायबमोजिमको उपदफा (१) को व्यवस्था गर्नु पर्नेः<br>"(१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन विधेयक, २०७९" |
| ४. | मा. श्री रघुजी पन्त | १ | विधेयकको दफा १ को उपदफा (१) को सट्टा देहायबमोजिमको उपदफा (१) को व्यवस्था गर्नु पर्नेः<br>"(१) यस ऐनको नाम "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) सम्बन्धी ऐन र अन्य केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९" |
| ५. | मा. श्री अर्जुन नरसिह के.सी. | १ | विधेयकको दफा १ को उपदफा (१) ले व्यवस्था गरेको संक्षिप्त नाम र प्रारम्भमा "निवारण" भन्ने शब्दको सट्टा "ऐन" भन्ने शब्द राख्नु पर्ने । |
| ६. | मा. श्री प्रेम सुवाल | २ | दफा २ अन्तर्गत मुल ऐनको दफा २ को खण्ड (क) र दफा ३ को खण्ड (क) को सट्टा देहायबमोजिमको खण्ड (क) राखि अन्य खण्डहरुलाई सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>"(क) "दाल, चामल, मकै, तरकारी, गहुँ, मसुरो नेपालमै उत्पादन हुने हुँदा भारतबाट आयात नगर्ने नगराउने" |
| ७. | मा. श्री प्रदीप पौडेल, मा. श्री संजय गौतम | २ | दफा २ अन्तर्गत मुल ऐनको दफा ३ पछि थप गर्न प्रस्तावित दफा ३क. को उपदफा (२) पछि देहायबमोजिमको उपदफा (३) र (४) को व्यवस्था गर्नु पर्नेः<br>"(३) व्यापार पारदर्शिता इकाईले आफ्नो कार्य सम्पादनको सिलसिलामा भन्सार कार्यालय, सरकारी निकाय, बैंक वित्तिय संस्था, बीमा वा अन्य सम्बद्ध कार्यालयबाट इकाईको आवश्यक कागजात तथा विवरण माग गरेमा त्यस्तो कागजात वा विवरण तत्काल उपलब्ध गराउनु सम्बन्धितको कर्तव्य हुनेछ।"<br>"(४) उपदफा (३) बमोजिम प्राप्त कागजात तथा विवरण बजारको अध्ययन गर्दा नेपाल वा बाहिर भएको सीमापार खरिद बिक्री वा थोक, खुद्रा मुल्यमा अस्वभाविक अन्तर परेको देखेकोमा उक्त इकाईले आवश्यक कारवाहीका लागि सम्बन्धित निकाय वा मुलुकमा लेखि पठाउनु पर्नेछ।" |
| ८. | मा. श्री गगनकुमार थापा | २ | दफा २ अन्तर्गत मुल ऐनको दफा ३ पछि थप गर्न प्रस्तावित दफा ३क. को उपदफा (१) मा रहेको "मन्त्रालयको सचिवको अध्यक्षतामा व्यापार पारदर्शिता इकाई गठन गर्नेछ" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयको सचिवको अध्यक्षतामा देहाय बमोजिमको व्यापार पारदर्शिता इकाई गठन गर्नेछ" भन्ने बनाउने। इकाईको सदस्यमा को को रहने भन्ने ऐनमा नै प्रष्ट बनाउने।"<br>"(प्रत्यायोजित विधायन अनुरुप मिलाउनुपर्ने भएकोले)" |

| | | | |
|---|---|---|---|
| ९. | मा. श्री गोकुलप्रसाद बास्कोटा | २ | दफा २ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित दफा ३क. को उपदफा (१) को सट्टा देहायबमोजिमको उपदफा (१) र खण्डहरुको व्यवस्था गर्नु पर्नेः<br>"(१) अन्तराष्ट्रिय बजारमा पारदर्शिता कायम राख्न नेपाल सरकारले देहायबमोजिमको व्यापार पारदर्शिता एकाई गठन गर्नेछ ।<br>(क) नेपाल सरकारको वाणिज्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिवको –अध्यक्ष<br>(ख) अर्थ मन्त्रालय अन्तर्गतको भन्सार विभागको महानिर्देशक –सदस्य<br>(ग)नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर अथवा विदेशी विनिमय विभाग प्रमुख –सदस्य" |
| १०. | मा. श्री प्रेम सुवाल | ३ | दफा ३ अन्तर्गत मुल ऐनको दफा २४क. पछि परिच्छेद ९ मा थप गर्न प्रस्तावित दफा २४ख. को उपदफा (२) मा "सामुद्रिक डकैती (पाइरेसी) गरेको सामन हो" भन्ने शब्दहरुबारे स्पष्टिकरण राख्नु पर्ने । |
| ११. | मा. श्री प्रदीप पौडेल, मा. श्री संजय गौतम | ३ | दफा ३ अन्तर्गत "पानी जहाज" भन्ने शब्दहरुलाई परिभाषित गर्नुपर्ने । |
| १२. | मा. श्री प्रेम सुवाल | ४ | विधेयकको दफा ४ अन्तर्गत मुल ऐनको दफा २६ मा "काठमाण्डौ" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द राख्ने साथै देहायबमोजिमको व्यवस्था गर्नेः<br>"प्रम, मन्त्री, सांसद, उच्च अधिकारीहरु आ-आफ्नो निर्वाचन क्षेत्रमा बसोवास गर्नुपर्नेछ र अन्य जिल्लामा अचल सम्पत्ति किन्न पाउने छैन।" |
| १३. | मा. श्री प्रेम सुवाल | ४ | दफा ४ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क को दफा २६क. मा देहायबमोजिमको स्पष्टिकरण थप गर्नु पर्नेः<br>"घर वा जग्गाको खरिद विक्री सम्बन्धित जिल्लाभित्रका नागरिकबीच मात्र हुनेछ" |
| १४. | मा. श्री प्रेम सुवाल | ४ | दफा ४ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क को दफा २६ख. को उपदफा (३) मा "निवेदकलाई" भन्ने शब्द पछि "आफ्नो जिल्लाभित्र मात्र" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| १५. | मा. श्री प्रदीप पौडेल, मा. श्री संजय गौतम | ४ | दफा ४ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क को खण्ड २६क. को व्यवस्थालाई उपदफा (१) मानी देहायबमोजिमको उपदफा (२) को व्यवस्था गर्नु पर्नेः<br>"(२) उपदफा (१) बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा तोके भन्दा बढीको घरजग्गा खरिद बिक्री गर्ने व्यक्तिले इजाजतपत्र प्राप्त व्यक्ति मार्फत खरिद बिक्री गर्नु पर्नेछ।" |

| | | | |
|---|---|---|---|
| १६. | मा. श्री प्रदीप पौडेल, मा. श्री संजय गौतम | ४ | दफा ४ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"घरजग्गाको कारोबारमा महानगर र उप-महानगरमा अनिवार्य लाईसेन्स लिने व्यवस्था गर्ने" |
| १७. | मा. श्री राजेन्द्र बजगाई | ४ | दफा ४ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद ७क. को दफा २६ख. को उपदफा (१), (२), (३), र (४) तथा सोहि परिच्छेदको दफा २६घ. को खण्ड (ख) र (ग) प्रत्यायोजित विधायन अनुरुप नभएकोले मिलाउनुपर्ने । |
| १८. | मा. श्री राजेन्द्र बजगाई | ४ | दफा ४ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद ७क. को दफा २६ङ. मा "वा यस ऐन अन्तर्गत वनेको नियम वा इजाजतपत्रको शर्त विपरीतको" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| १९. | मा. श्री राजेन्द्र कुमार के.सी. | ४ | दफा ४ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद ७क. को दफा २६ख. को उपदफा (१), (२), (३), र (४) तथा सोहि परिच्छेदको दफा २६घ. को खण्ड (ख) र (ग) प्रत्यायोजित विधायन अनुरुप नभएकोले मिलाउनुपर्ने । |
| २०. | मा. श्री राजेन्द्र कुमार के.सी. | ४ | दफा ४ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद ७क. को दफा २६ङ. मा "वा यस ऐन अन्तर्गत वनेको नियम वा इजाजतपत्रको शर्त विपरीतको" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| २१. | मा. श्री गगनकुमार थापा | ४ | विधेयकको दफा ४ मा संशोधनः<br>१. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क. अन्तर्गत दफा २६ख. को उपदफा(१) को सट्टा देहाय बमोजिमको उपदफा(१) राख्नेः-<br>"(१) घर जग्गा सम्बन्धी कारोबार गर्न इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिए बमोजिमको विवरण, कागजात र दस्तुर तथा स्थानीय तहको सिफारिस सहित विभाग वा मालपोत कार्यालय समक्ष निवेदन दिनुपर्नेछ।<br>२. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क. अन्तर्गत दफा २६ख. को उपदफा (२) हटाउनु पर्ने ।<br>३. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क. अन्तर्गत दफा २६ख. को उपदफा (३) मा रहेको "सम्बन्धित अधिकारी" भन्ने शब्दहरुको सट्टा " विभाग वा मालपोत कार्यालय" भन्ने शब्दहरु राख्नु पर्ने"<br>"(प्रत्यायोजित विधायन अनुरुप मिलाउनुपर्ने भएकोले)"<br>४. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क. अन्तर्गत दफा २६घ. प्रत्यायोजित विधायन अनुरुप |

| | | | |
|---|---|---|---|
| | | | नभएकोले मिलाउनुपर्ने ।<br>५. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क. को दफा २६ङ. को सट्टा देहाय बमोजिमको २६ङ. को व्यवस्था गर्नु पर्नेः<br>"**२६ङ सजायः** कसैले इजाजतपत्र नलिई घरजग्गा सम्बन्धी कारोवार गरेमा वा यो ऐन विपरितको कुनै कार्य गरेमा वा विभाग कार्यालयले दिएको निर्देशन पालना नगरेमा दुई वर्षसम्म कैद वा कारोवारको विगो खूलेकोमा बिगो बमोजिम र विगो नखुलेकोमा दश लाख रुपैंयासम्म जरिवाना वा दुवै सजाय"। |
| २२. | मा. श्री गोकुलप्रसाद बास्कोटा | ४ | दफा ४ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क. को दफा २६ङ. को सट्टा देहायबमोजिमको २६ङ. को व्यवस्था गर्नु पर्नेः<br>"२६ङ. **सजायः** कसैले इजाजत नलिई घरजग्गा सम्बन्धी कारोबार गरेमा वा यो ऐन वा यो ऐन बमोजिम बनेको नियम वा इजाजतपत्रको शर्त विपरीतको कुनै कार्य गरेमा वा इजाजतपत्र दिने अधिकारीले दिएको निर्देशन पालना नगरेमा इजाजतपत्र दिने अधिकारीले कारोबार भएको रकमको २५ प्रतिशत वा दश लाख रुपैयाँ मध्ये जुन बढी हुन्छ त्यति रकम जरिवाना गर्न सक्नेछ।" |
| २३. | मा. श्री शंकर भण्डारी | ४ | दफा ४ मा संशोधनः<br>१. दफा ४ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क. को दफा २६क. को स्पष्टिकरण खण्डमा देहायबमोजिमको व्यवस्था थप गर्नुपर्नेः<br>"संस्था वा व्यक्ति घर जग्गा कारोबार गर्न इजाजत लिनु पर्ने। यसरी इजाजत लिएका संस्था वा व्यक्तिले मात्र कारोवार गर्न पाउने र कारोवार गर्दाको क्रममा उपलब्ध गराउदा व्यवसायिक रुपमा मात्र सेवा उपलब्ध गराउनु पर्ने"<br>२. दफा ४ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-७क. को दफा २६ख. को उपदफा (२) मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्ने<br>"नेपाल सरकारलाई भएको अधिकार प्रदेश सरकारले समेत प्रयोग गर्नेछ" |
| २४. | मा. श्री प्रेम सुवाल | **५** | विधेयकको दफा **५** अन्तर्गत मुल ऐनको दफा २ मा देहायबमोजिमको व्यवस्था राख्नु पर्नेः<br>"कानूनी जुवा क्यासिनोको इजाजतपत्र दिइने छैन" |

| | | | |
|---|---|---|---|
| २५. | मा. श्री रामहरि खतिवडा | ५ | दफा ५ मा संशोधनः<br>१. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (४) को सट्टा देहायबमोजिमको उपदफा (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) यो परिच्छेद प्रारम्भ हुँदाका बखत कुनै कम्पनीले जे जस्तो अवस्थामा एकभन्दा बढी क्यासिनो सञ्चालन गरेको भएता पनि सो कम्पनीले सम्पुर्ण क्यासिनो सञ्चालन गर्न चाहेमा सम्वत् २०८५ असार मसान्त सम्ममा यस ऐन बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछ"<br>२. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (५) र (६) हटाउनु पर्ने ।<br>३. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ञ. को उपदफा (२) को सट्टा देहायबमोजिमको उपदफा (२) को व्यवस्था गर्नु पर्नेः<br>"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो परिच्छेद प्रारम्भ हुनु भन्दा अगावै सञ्चालनमा रहेका क्यासिनोहरुको हकमा लागु हुनेछैन।" |
| २६. | मा. श्री राम प्रकाश चौधरी | ५ | दफा ५ मा संशोधनः<br>१. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (४) को सट्टा देहायबमोजिमको उपदफा (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) क्यासिनो नियमावली २०७० जारी हुनु भन्दा अगावै इजाजत प्राप्त गरी सञ्चालनमा रहेका क्यासिनोहरुको हकमा यो ऐन जारी भएको मितिले ५ वर्ष भित्रमा यस ऐन बमोजिमको मापदण्ड पुरा गरिसक्नु पर्नेछ।"<br>२. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (५) र (६) हटाउनु पर्ने ।<br>३. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ञ. को उपदफा (२) को सट्टा देहायबमोजिमको उपदफा (२) को व्यवस्था गर्नु पर्नेः<br>"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो परिच्छेद प्रारम्भ हुनु भन्दा अगावै सञ्चालनमा रहेका क्यासिनोहरुको हकमा लागु हुनेछैन।" |
| २७. | मा. श्री रघुजी पन्त | ५ | दफा ५ मा संशोधनः<br>१. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५छ. को उपदफा (१) को खण्ड (घ) मा "तीन किलोमिटर" भन्ने प्रावधान हटाउनु पर्ने । |

| | | | |
|---|---|---|---|
| | | | २. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (२) मा रहेको "दिन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "दिन पर्नेछ" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>३. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (३) र (४) हटाउनपर्ने ।<br>४. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ट. को उपदफा (१) मा रहेको "एक आर्थिक वर्षको" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>५. मुल ऐनको थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ढ. को उपदफा (१) को खण्ड (ङ) मा "आदेश वा निर्देशन" भन्ने शब्दहरुको सट्टा "लिखित निर्देशन" भन्ने शब्दहरु राख्नु पर्ने । |
| २८. | मा. श्री योगेश कुमार भट्टराई | ५ | दफा ५ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (५) मा "२०८०" भन्ने शब्दको सट्टा "२०८३" भन्ने शब्द राख्नु पर्ने । |
| २९. | मा. श्री प्रदीप पौडेल, मा. श्री संजय गौतम | ५ | दफा ५ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५झ. मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>" क्यासिनोको License दिने कार्य मन्त्रालयबाट हुने कार्य रहेकोमा बिभागबाट नै कायम गरिनुपर्ने।"<br>"क्यासिनोको License प्रत्येक आर्थिक वर्षमा Renew गर्ने प्रणालीलाई परिवर्तन गरि अवधि बढाउनु पर्ने" |
| ३०. | मा. श्री शान्ति वि.क. | ५ | दफा ५ मा संशोधनः<br>१. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (४) को सट्टा देहायबमोजिमको उपदफा (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) यो परिच्छेद प्रारम्भ हुँदाका वखत तत्काल प्रचलित कानून बमोजिम प्राप्त गरेको इजाजतपत्र यसै ऐन बमोजिम प्राप्त गरेको मानिनेछ।"<br>२. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (५) हटाउनु पर्ने ।<br>३. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (६) मा रहेको "वा उपदफा (५) बमोजिम इजाजतपत्र लिनको लागि" भन्ने शब्दहरु हट्टाउनुपर्ने । |

| | | | |
|---|---|---|---|
| ३१. | मा. श्री नागिना यादव | ५ | दफा ५ मा संशोधनः<br>१. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (४) को सट्टा देहायबमोजिमको उपदफा (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) यो परिच्छेद प्रारम्भ हुँदाका वखत तत्काल प्रचलित कानून बमोजिम प्राप्त गरेको इजाजतपत्र यसै ऐन बमोजिम प्राप्त गरेको मानिनेछ।"<br>२. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (५) हटाउनु पर्ने ।<br>३. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (६) मा रहेको "वा उपदफा (५) बमोजिम इजाजतपत्र लिनको लागि" भन्ने शब्दहरु हट्टाउनुपर्ने । |
| ३२. | मा. श्री अमरेश कुमार सिंह | ५ | दफा ५ मा संशोधनः<br>१. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (४) को सट्टा देहायबमोजिमको उपदफा (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) यो परिच्छेद प्रारम्भ हुँदाका वखत तत्काल प्रचलित कानून बमोजिम प्राप्त गरेको इजाजतपत्र यसै ऐन बमोजिम प्राप्त गरेको मानिनेछ।"<br>२. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (५) हटाउनु पर्ने ।<br>३. मुल ऐनमा थप गर्न प्रस्तावित दफा ४५ज. को उपदफा (६) मा रहेको "वा उपदफा (५) बमोजिम इजाजतपत्र लिनको लागि" भन्ने शब्दहरु हट्टाउनुपर्ने । |
| ३३. | मा. श्री अर्जुन नरसिह के.सी. | ५ | दफा ५ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५छ. को उपदफा (२) मा "चार तारा वा सो भन्दा माथिल्लो स्तर" भन्ने शब्दहरुको सट्टा "पाँच ताराको मापदण्ड पुरा भएको" भन्ने शब्दहरु राखु पर्ने । |
| ३४. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे, मा. श्री मेटमणी चौधरी | ५ | विधेयकको दफा ५ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५छ. को उपदफा (१) खण्ड (छ) मा देहायको व्यवस्था थप गर्नुपर्नेः<br>"महानगरपालिका भन्दा वाहिर लाइभ वा ठुलो क्यासिनोको हकमा एक क्यासिनो र अर्को क्यासिनो विचको दुरी ५ किलोमिटर हुनुपर्ने साथै मिनि क्यासिनोको रोयल्टी ठुलो क्यासिनोको भन्दा २ करोड मात्र कम हुनु पर्ने" |

| | | | |
|---|---|---|---|
| ३५. | मा. श्री राजेन्द्र कुमार के.सी. | ५ | दफा ५ मा संशोधनः<br>१. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (४) को सट्टा देहायबमोजिमको उपदफा (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) यो परिच्छेदको प्रारम्भ हुँदाको बखत कुनै कम्पनीले जे जस्तो अवस्थामा एकभन्दा बढी क्यासिनो सञ्चालन गरेको भएतापनि सो कम्पनीले सम्पूर्ण क्यासिको सञ्चालन गर्न चाहेमा यो ऐन जारी भएको मितिले ५ बर्ष भित्रमा यस ऐन बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछ।"<br>२. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (५) हटाउनु पर्ने ।<br>३. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख को दफा ४५ज. को उपदफा (६) को सट्टा देहायबमोजिमको उपदफा (६) राख्नु पर्नेः<br>"(६) उपदफा (४) बमोजिमको सुविधा आर्थिक ऐन/आर्थिक अध्यादेश अनुसारको रोयल्टी बुझाउदै आएका कम्पनी तथा क्यासिनोहरुको हकमा मात्र लागु हुनेछ।"<br>४. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५ज. को उपदफा (२) को सट्टा देहायबमोजिमको उपदफा २ राख्नु पर्नेः<br>"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो परिच्दछेद प्रारम्भ हुनुभन्दा अगावै सञ्चालनमा रहेका क्यासिनोहरुको हकमा लागु हुने छैन।" |
| ३६. | मा. श्री डोल प्रसाद अर्याल | ५ | दफा ५ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५ड. को उपदफा (६) पछि देहायबमोजिमका उपदफा थप गर्नु पर्नेः<br>"(७) नेपाल प्रहरीले सम्पूर्ण क्यासिनो लाई सुरक्षा दिनु पर्ने,"<br>"(८) क्यासिनो मा डिजिटल रुपैया को मात्र कारोबार गरिनु पर्ने र क्यासलेस कारोबार गरिनु पर्ने,"<br>"(९) क्यासिनो मा प्रवेश गर्ने जोसुकै ले अनलाइन प्रवेश टिकट लिनु पर्ने, यो अनलाइन पोर्टल लाई गृह मन्त्रालय ले सन्चालन तथा नियमन गर्ने,"<br>" (१०) क्यासिनो मा विजेता हुने ब्यक्ती ले कर भुक्तान गर्दा अनलाइन बाटै स्वतः कर कट्टी भएर जितेको रकम पाउनु पर्ने,"<br>" (११) क्यासिनो मा हुने सट्टेबाजी तथा सम्बद्ध खेल को सिसी टिभी निगरानी गृह मन्त्रालयले गर्नु पर्ने।" |

| | | | |
|---|---|---|---|
| ३७. | मा. श्री गोकुलप्रसाद बास्कोटा | ५ | <u>दफा ५ मा संशोधनः</u><br>१. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५ज. को उपदफा (५) र (६) हटाउनु पर्ने।<br>२. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५ट. को उपदफा (१) मा “एक आर्थिक वर्ष” भन्ने शब्दहरुको सट्टा “तीन आर्थिक वर्ष” भन्ने शब्दहरु राखु पर्ने । |
| ३८. | मा. श्री शंकर भण्डारी | ५ | <u>दफा ५ मा संशोधनः</u><br>१. दफा ५ को उपदफा ३ अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित दफा ७ख. मा “निलम्वनको अवधि समाप्त भएपछि पुन” भन्ने शब्दहरुको सट्टा निलम्वनको अवधि समाप्त नहुदै पुन” भन्ने शब्दहरु राखुपर्ने ।<br>२. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५च. को उपदफा (१) मा “मन्त्रालयबाट” भन्ने शब्दको सट्टा “विभाग वा तोकिएको निकायबाट” भन्ने शब्दहरु राखु पर्ने ।<br>३. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५ज. को उपदफा (१) र (२) मा देहायको व्यवस्था थप गर्नु पर्नेः<br>“पुर्वस्वीकृति लिएका क्यासिनो संचालन गर्ने कम्पनीले मापदण्ड पुरा गरेको जानकारी दिएपछि इजाजतपत्र दिनुपर्नेछ”<br>४. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५ज. को उपदफा उपदफा (४) मा “संवत् २०८० साल असार मसान्तभित्र” भन्ने शब्दहरुको सट्टा “यो ऐन लागु भएको ६ महिना भित्र” भन्ने शब्दहरु राखु पर्ने ।<br>५. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५ट. को उपदफा (४) पछि (५) थप गरी अन्य उपदफाहरुको उपदफाक्रम मिलाउनुपर्नेः<br>“(५) सबै सर्तहरु पुरा गरेको स्वघोषणा सहितको निवेदन दिनासाथ नविकरण भएको मानिने छ”<br>६. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५ढ. को उपदफा (१) मा देहायबमोजिको व्यवस्था गर्नुपर्ने<br>“इजाजतपत्र दिने अधिकार विभागमा राखी विभागले नै इजाजतपत्र खारेज गर्ने व्यवस्था गर्ने, इजाजतपत्र खारेज भएको उपर चित्त नबुझे कम्पनिले मन्त्रालयमा अपिल गर्न पाउने व्यवस्था गर्ने।”<br>७. मुल ऐनमा थप गर्न प्रस्तावित परिच्छेद-५ख. को दफा ४५ण. को उपदफा (४) मा |

| | | | |
|---|---|---|---|
| | | | देहायबमोजिको व्यवस्था गर्नुपर्नेः<br>“विभागले कारवाही गर्ने र मन्त्रालयले पुनरावेदन सुन्ने व्यवस्था गर्ने साथै जरिवानाको रकम २५ लाख देखि ३० लाख बनाउने” |
| ३९. | मा. श्री प्रेम सुवाल | ६ | दफा ६ को उपदफा (२) पछि देहायबमोजिमको उपदफा (३) थप गर्नु पर्नेः<br>“(३) आवासिय भवन निर्माण हुने स्थलको भूगर्भ अध्ययन, भवनको नक्सा तयारी र भवन निर्माणको अनुगमन सरकारी निकायबाट गर्नेछ” |
| ४०. | मा. श्री डोल प्रसाद अर्याल | ६ | दफा ६ अन्तर्गत मुल ऐनको दफा ११ को उपदफा (३) मा देहायबमोजिमको खण्ड (ग) को व्यवस्था गरी अन्य खण्डहरुलाइ सोही बमोजिमको खण्डक्रम मिलाउनुपर्नेः<br>“(ग) कसैले पनि पक्की घर निर्माण गर्दा सबद्ध ब्यक्ती तथा संस्थाले घर निर्माण गर्न लाग्ने आर्थिक स्रोत देखाउनु पर्ने र घर निर्माण भईसके पछी सम्बन्धित पालिका बाट कम्प्लिसन प्रमाण पत्र लिनु पर्ने।” |
| ४१. | मा. श्री प्रेम सुवाल | ७ | दफा ७ अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) मा देहायबमोजिम थप गर्नु पर्नेः<br>“सहकारीको कार्यक्षेत्र सम्वन्धित वडा र पालिकामा मात्र हुनेछ साथै सरकारले छुट्टै निकाय गठन गरी सहकारी संस्थाको अनुगमन गर्नेछ” |
| ४२. | मा. श्री रामहरि खतिवडा | ७ | <u>दफा ७ मा संशोधनः</u><br>१. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) को सुरुमा “नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई” भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>२. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) को सुरुमा “नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई” भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>३. उपदफा (२) अन्तर्गत मुल ऐनको दफा १०० पछि थप गर्न प्रस्तावित दफा १००क. को सुरुमा<br>“नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई” भन्ने शब्दहरु थप गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| ४३. | मा. श्री प्रेम बहादुर महर्जन | ७ | दफा ७ मा संशोधन<br>१. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) मा "सम्बन्धमा" भन्ने शब्द पछि "यस बैंक अन्तर्गत स्थापना भएको दोश्रो तहको नियामक निकाय STI मार्फत" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>२. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) को सट्टा देहायबमोजिमको खण्ड (च२) को व्यवस्था गर्नु पर्नेः<br>"(च२) पच्चीस करोड रुपैयाभन्दा बढी शेयर पूँजी वा वार्षिक पचास करोड भन्दा बढीको बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी प्रचलित कानूनको समेत अधिकार प्रयोग गरी STI मार्फत नियमन, निरिक्षण तथा सुपरिवेक्षण गर्ने।" |
| ४४. | मा. श्री रघुजी पन्त | ७ | दफा ७ अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) मा "पच्चिस करोड" भन्ने शब्दहरुको सट्टा "पचास करोड" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ४५. | मा. श्री मिना तामाङ | ७ | दफा ७ मा संशोधनः<br>१. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) मा "सुपरिवेक्षण सम्वन्धमा" भन्ने शब्दहरु पछि "यस बैंक अन्तर्गत स्थापना भएको दोश्रो तहको नियामक निकाय STI मार्फत" भन्ने शब्दहरु थप गर्नु पर्ने<br>२. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) मा "प्रयोग गरी" भन्ने शब्दहरु पछि "दोश्रो तहको नियामक निकाय STI मार्फत" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| ४६. | मा. श्री तारा लामा तामाङ सहित दर्ता नं ८ मा उल्लेखित माननीय सदस्यहरु | ७ | दफा ७ मा संशोधनः<br>१. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) मा "सुपरिवेक्षण सम्वन्धमा" भन्ने शब्दहरु पछि "यस बैंक अन्तर्गत स्थापना भएको दोश्रो तहको नियामक निकाय STI मार्फत" भन्ने शब्दहरु थप गर्नु पर्ने<br>२. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) मा "प्रयोग गरी" भन्ने शब्दहरु पछि "दोश्रो तहको नियामक निकाय STI मार्फत" भन्ने शब्दहरु थप गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| ४७. | मा. श्री राम प्रकाश चौधरी | ७ | <u>दफा ७ मा संशोधनः</u><br>१. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) को सुरुमा "नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>२. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) को सुरुमा "नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>३. मुल ऐनको दफा १०० पछि थप गर्न प्रस्तावित दफा १००क. को सुरुमा "नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>४. उपदफा (२) अन्तर्गत मुल ऐनको दफा १०० पछि थप गर्न प्रस्तावित दफा १००क. पछि देहायको दफा १००ख. थप गर्नु पर्नेः<br>"१००ख. नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तिय संस्थाहरुलाई उपलब्ध गराईने वित्तिय सुविधा लगायत अन्य सहुलियत समेत सहकारी संघसंस्थालाई उपलब्ध गराईनेछ।" |
| ४८. | मा. श्री प्रकाश ज्वाला सहित दर्ता नं १९ मा उल्लेखित माननीय सदस्यहरु | ७ | <u>दफा ७ मा संशोधनः</u><br>१. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) को सुरुमा "नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>२. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) को सुरुमा "नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>३. उपदफा (२) अन्तर्गत मुल ऐनको दफा १०० पछि थप गर्न प्रस्तावित दफा १००क. को सुरुमा "नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>४. उपदफा (२) अन्तर्गत मुल ऐनको दफा १०० पछि थप गर्न प्रस्तावित दफा १००क. पछि देहायको दफा १००ख. थप गर्नु पर्नेः<br>"१००ख. नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तिय संस्थाहरुलाई उपलब्ध गराईने वित्तिय सुविधा |

| | | | |
|---|---|---|---|
| | | | लगायत अन्य सहुलियत समेत सहकारी संघसंस्थालाई उपलब्ध गराईनेछ।” |
| ४९. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे | ७ | दफा ७ मा संशोधनः<br>१. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) को सुरुमा “नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई” भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>२. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) को सुरुमा “नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई” भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>३. उपदफा (२) अन्तर्गत मुल ऐनको दफा १०० पछि थप गर्न प्रस्तावित दफा १००क. को सुरुमा<br>“नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई” भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>४. उपदफा (२) अन्तर्गत मुल ऐनको दफा १०० पछि थप गर्न प्रस्तावित दफा १००क. पछि देहायको दफा १००ख. थप गर्नु पर्नेः<br>“१००ख. नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तिय संस्थाहरुलाई उपलब्ध गराईने वित्तिय सुविधा लगायत अन्य सहुलियत समेत सहकारी संघसंस्थालाई उपलब्ध गराईनेछ।” |
| ५०. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे सहित दर्ता नं २१ मा उल्लेखित माननीय सदस्यहरु | ७ | दफा ७ मा संशोधनः<br>१. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) मा “सुपरिवेक्षण सम्वन्धमा” भन्ने शब्दहरु पछि “यस बैंक अन्तर्गत स्थापना भएको दोश्रो तहको नियामक निकाय STI मार्फत” भन्ने शब्दहरु थप गर्नु पर्ने<br>२. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) मा “प्रयोग गरी” भन्ने शब्दहरु पछि “दोश्रो तहको नियामक निकाय STI मार्फत” भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| ५१. | मा. श्री शक्ति बहादुर बस्नेत | ७ | दफा ७ को उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) को सुरुमा “पच्चिस करोड रुपैयाँ भन्दा बढी शेयर पूँजी वा बार्षिक पचास करोड रुपैयाँ भन्दा वढी” भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| ५२. | मा. श्री हित राज पाण्डे | ७ | दफा ७ को उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न |

| | | | |
|---|---|---|---|
| | | | प्रस्तावित खण्ड (च१) को सुरुमा "पच्चिस करोड रुपैयाँ भन्दा बढी शेयर पूँजी वा बार्षिक पचास करोड रुपैयाँ भन्दा वढीको" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| ५३. | मा. श्री राजेन्द्र कुमार के.सी. | ७ | दफा ७ मा संशोधनः<br>१. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) को सुरुमा "नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>२. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) को सुरुमा "नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>३. मुल ऐनको दफा १०० पछि थप गर्न प्रस्तावित दफा १००क. को सुरुमा "नेपाल राष्ट्र बैंकबाट सिमित कारोबारको स्वीकृत दिई" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>४. उपदफा (२) अन्तर्गत मुल ऐनको दफा १०० पछि थप गर्न प्रस्तावित दफा १००क. पछि देहायको दफा १००ख. थप गर्नु पर्नेः<br>"१००ख. नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तिय संस्थाहरुलाई उपलब्ध गराईने वित्तिय सुविधा लगायत अन्य सहुलियत समेत सहकारी संघसंस्थालाई उपलब्ध गराईनेछ।" |
| ५४. | मा. श्री गगनकुमार थापा | ७ | दफा ७ को उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) को सट्टा देहायबमोजिमको खण्ड (च२) को व्यवस्था गर्नु पर्नेः<br>"(च२) दश करोड रुपैयाँभन्दा बढी शेयर पूँजी वा वार्षिक पच्चीस करोड रुपैयाँभन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सहकारी सम्बन्धी प्रचलित कानूनको समेत अधिकार प्रयोग गरी राष्ट्र बैंकले नियमन, निरीक्षण तथा सुपरीबेक्षण गर्ने।" |
| ५५. | मा. श्री गोकुलप्रसाद बास्कोटा | ७ | दफा ७ मा संशोधनः<br>१. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) को सट्टा देहायबमोजिमको खण्ड (च१) को व्यवस्था गर्नु पर्नेः<br>"(च१) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षणका लागि नेपाल राष्ट्र बैंकको सहभागितामा दोस्रो तहको सुपरीवेक्षकीय संस्था स्थापना |

| | | | |
|---|---|---|---|
| | | | गर्न सक्नेछ।"<br>२. उपदफा (२) अन्तर्गत मुल ऐनको दफा १०० पछि थप गर्न प्रस्तावित दफा १००क. हटाउनु पर्ने । |
| ५६. | मा. श्री बुद्धिमान तामाङ | ७ | दफा ७ मा संशोधनः<br>१. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च१) मा "सुपरिवेक्षण सम्वन्धमा" भन्ने शब्दहरु पछि "यस बैंक अन्तर्गत स्थापना भएको दोश्रो तहको नियामक निकाय STI मार्फत" भन्ने शब्दहरु थप गर्नु पर्ने<br>२. उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) पछि थप गर्न प्रस्तावित खण्ड (च२) मा "प्रयोग गरी" भन्ने शब्दहरु पछि "दोश्रो तहको नियामक निकाय STI मार्फत" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| ५७. | मा. श्री गगनकुमार थापा | ८ | दफा ८ को उपदफा ५ अन्तर्गत मुल ऐनको दफा ३१ को उपदफा (२) पछि देहायबमोजिमको उपदफा (३) को व्यवस्था गरी अन्य उपदफाहरुलाइ सोही बमोजिमको उपदफाक्रम मिलाउनुपर्नेः<br>"(३) उपदफा (२) बमोजिम निर्णय भएको निश्चित अवधीसम्ममा सम्पत्तिको वेचविखन गर्न नसकेमा उक्त सम्पत्तिको अन्त्य वा वेचविखन गर्ने प्रयोजनका लागि दामासाही प्रशासन कार्यालय अन्तर्गत एक सम्पत्ति व्यवस्थापन इकाई(Assets Management Unit) रहनेछ। |
| ५८. | मा. श्री प्रेम सुवाल | ९ | दफा ९ अन्तर्गत मुल ऐनको दफा १०३ को सट्टा थप गर्न प्रस्तावित दफा १०३ मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"शेयर कारोवारमा मुल्य कृत्रिम घटबढ गर्ने र सर्वसाधारण शेयर कारोवारीलाई आत्महत्यासमेतमा पुऱ्याउने कारोवारीको अनुमति पत्र खारेज गरी निजलाई कैद र जरिवाना गरिनेछ" |
| ५९. | मा. श्री सुमना श्रेष्ठ | ९ | दफा ९ को उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ७ को उपदफा (७) पछि देहायबमोजिमको उपदफा (७क) थप गर्नु पर्नेः<br>"(७क) अध्यक्षको पदावधि सकिन तीन महिना अघि नै उपदफा (२) बमोजिमको प्रकृया पुरा गरी भावी अध्यक्ष छनौट गरिसकेको हुन पर्नेछ।" |
| ६०. | मा. श्री गगनकुमार थापा | ९ | दफा ९ को उपदफा (१) अन्तर्गत मुल ऐनको दफा ७ को उपदफा (७) पछि थप गर्न प्रस्तावित उपदफा (८) मा रहेको "अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्य" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारले तोकेको बोर्डको सवैभन्दा बरिष्ठ सदस्यले बोर्डको अध्यक्षको हैसियतमा काम गर्नेछ।" भन्ने शब्दहरु राख्न पर्ने । |

| | | | |
|---|---|---|---|
| ६१. | मा. श्री रघुजी पन्त | १० | विधेयकको दफा १० को उपदफा (२) हटाइ ऐनको साविककै व्यवस्था कायम गर्ने । |
| ६२. | मा. श्री सुशिला श्रेष्ठ, मा. श्री रन्जु कुमारी झा | १० | विधेयकको दफा १० को उपदफा (१) को प्रस्तावित संशोधनको सट्टा देहायबमोजिमको उपदफा (१) र उपदफा (१) पछि उपदफा (१क) को व्यवस्था गर्नेः<br>१. "(१) मूल ऐनको दफा ४ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायबमोजिमको खण्ड (क) को व्यवस्था गर्नु पर्नेः-<br>"(क) किन्ने वा वेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, विदेशबाट नेपालमा ल्याउने वा नेपाललाई बाटोको देशको रुपमा प्रयोग गर्ने"<br>२. "(१क) दफा ४ को उपदफा (२) पछि देहायबमोजिमको उपदफा (३) को व्यवस्था गर्नुपर्नेः<br>(३) कसैले देहायको कुनै कार्य गरेमा मानव तस्करी गरेको मानिनेछ ।<br>(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै गैरकानूनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले वदनियतपूर्वक कुनै नेपाली नागरिक विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झुठ्ठा कागजात बनाई वा झुक्याई विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक वा निज रहेको स्थान बाहेक अन्य मुलुकमा गैरकानूनकी रुपमा प्रवेश गराउने कार्य गरे वा गराएमा।" |
